# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# तेह्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण तथा निर्णयहरु (माईन्यूट)

## १. बैधानिक सभा:

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९ पौष ४ गते बसेको १९९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको तेह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम तेह्रौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०७९ पौष ३० गते शनिवार (तदनुसार जनवरी १४, २०२३)
स्थान: आम्रपाली व्याङ्क्वेट, भाटभटेनी, काठ्माण्डौं ।
समय: विहान १०:०० बजे प्रारम्भ भई ११:३५ बजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार तेह्रौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा शेयरधनीहरुको उपस्थितिको लागि सार्वजनिक सूचना मिति २०७९/०९/०६ गतेको राष्ट्रियस्तरको कारोवार दैनिक र मिति २०७९/०९/२५ को आर्थिक दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीका मिति २०७९/०९/०७ गते तथा २०७९/०९/२५ राष्ट्रियस्तरको आर्थिक दैनिक प्रत्रिकामा प्रकाशन गर्नुको साथै यस संस्थाको *website* तथा ग्लोवल आईएमई क्यापिटलबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको थियो ।

## ४. उपस्थिति :

### (क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधि: ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री गणेश कुमार के.सी. (प्रतिनिधि: कुमारी बैंक लि.) | सञ्चालक |
| ३. श्री उमेश कटुवाल | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री बामदेव गौली | सञ्चालक |

### (ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

| | |
|---|---|
| १. शेखर बावु कार्की-उप रजिष्ट्रार | प्रतिनिधि, कम्पनी रजिष्टार कार्यालय |
| २. दिपक मणी पोखरेल- सहायक रजिष्ट्रार | प्रतिनिधि, कम्पनी रजिष्टार कार्यालय |
| ३. सि.ए. प्रकाश लम्साल | प्रतिनिधि, पि.एल.आर.जी एसोसियटस् |
| ४. सि.ए. अच्युत सापकोटा | प्रतिनिधि, पि.एल.आर.जी एसोसियटस् |



First Microfinance

५. रामचन्द्र सुवेदी — वरिष्ठ अधिवक्ता, (निर्वाचन अधिकृत)
६. श्री प्रिती कडरीया — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
७. श्री मिरा खड्का — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.

**व्यवस्थापनका पदाधिकारी**

| | |
|---|---|
| १. श्री नुमनाथ पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बाबुराम न्यौपाने | मुख्य प्रवन्धक |
| ४. श्री विजय शर्मा | कम्पनी सचिव/बरिष्ठ प्रवन्धक |
| ५. श्री ज्ञानेन्द्र वाग्ले | बरिष्ठ प्रबन्धक |
| ६. श्री शैलजा वावा अमात्य | मुख्य अधिकृत |
| ७. श्री सदिक्षा रिजाल | बरिष्ठ अधिकृत |
| ८. श्री देवराज नेपाल | बरिष्ठ अधिकृत |

**(ग) शेयरधनीको उपस्थितिः**

| | |
|---|---|
| स्वयं भौतिक उपस्थिति - | २०८ जना। |
| प्रतिनिधि मार्फत् - | १४ जना। |
| **कुल शेयरमा शेयरधनी तथा प्रोक्सी मार्फत उपस्थिति-** | **५५.९६ प्रतिशत** |

**५ सभामा प्रस्तुत छलफलका विषयहरुः**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको १ प्रतिशतले हुने ९६,४४,९२४।- (अक्षरेपि छयानब्वे लाख चवालिस हजार नौ सय चौविस मात्र) नगद लाभांश (कर प्रयोजनको लागी) पारित गर्ने।

४) कम्पनीको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फवाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

**ख) विशेष प्रस्ताव**

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको १९ प्रतिशतले हुने रु. १८,३२,५३,५५६।- (अक्षरेपि अठार करोड बत्तिस लाख त्रिपन्न हजार पाँच सय छपन्न मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने।



First Microfinance

७) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी रु. ९६,४४,९२,४०० (अक्षरेपी छयानब्वे करोड चवालीस लाख बयानब्बे हजार चार सय) बाट बृद्धि गरी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) पुऱ्याउने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

९) फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) <u>विविध</u>

१०) सञ्चालक समितिले गरेका काम कारवाही अनुमोदन गर्ने ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनी स्वंम उपस्थित हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २०८ भएको र कुल ५३,९६,९६५ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५५.९६ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रीतपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्वन्धमा कम्पनी सचिवले जानकारी गराएपछि विहान १०:०० बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभा सुरु भयों ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुति :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व तेह्रौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले तेह्रौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट स्वागत एवं प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिवद्धता व्यक्त गर्नुभयो ।

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको तर्फवाट सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।



First Microfinance

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरुको अभिव्यक्ति

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको प्रतिवेदन, लेखा विवरण आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री उद्धवप्रसाद घिमिरेज्यूले आफ्नो धारणा राख्दै वासलातको आकार साइज असाध्यै राम्रो रहेको, नेपालका ४ वटा थोक कर्जा प्रदायक संस्थाहरुमा फर्स्ट माइक्रोफाइनान्सको प्रगति राम्रो रहेको, वासलात र पोर्टफोलियो आकार जति हेर्‍यो उति हेरौं हेरौं लाग्ने, सञ्चालन आम्दानी र व्याज आम्दानी दुवै राम्रो रहेको, जनशक्ति संरचना र व्यवस्थापन संतुलित रहेको विचार राख्नु भयो ।

८.२ शेयरधनी श्री शत्रुधन श्रेष्ठज्यूले मुनाफा राम्रो भएकाले लाभांश दर पनि राम्रो रहेकाले सबैलाई धन्यवाद दिंदै लघुवित्त क्षेत्रमा हाल नकरात्मक समाचार सुन्नमा आइरहेकाले यस संस्थाले नेपाल राष्ट्र बैंकको परिधि भित्र रहेर आगामी दिनमा कार्य गर्न सुझाव दिनु भएको थियो ।

८.३ शेयरधनी श्री अर्जुन कुमार माझीले फर्स्ट माइक्रोफाइनान्सले नेपालका सबैजसो भौगोलिक क्षेत्रमा आफ्नो कार्यक्रम बढाउँदै लैजानुपर्ने, संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम काठमाण्डौमा मात्र सिमित नराखी अन्य भौगोलिक क्षेत्रमा पनि लैजानुपर्नेमा जोडदिनु भएको थियो । फर्स्ट माइक्रोफाइनान्सले उत्कृष्ट लघुउद्यमीलाई साधारणसभामा पुरस्कृत गर्ने परिपाटी बसाल्नको लागि उहाँले सुझाव दिनु भयो ।

८.४ शेयरधनी श्री सुदिप श्रेष्ठले लिखित मन्तव्य दिँदै संस्थाले प्रदान गरेको लाभांशको लागि धन्यवाद दिनुभयो । कोभिड तथा रुस युक्रेन युद्धको वावजुद पनि संस्थाको नाफा बढदै गएकोमा खुसी ब्यक्त गर्नुभयो । संस्थाले अझ धेरै वित्तीय सुचकाङ्कहरु राखि बार्षिक प्रतिवेदन प्रकाशन गर्न सुझाव दिँदै साथै संस्थाको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

८.५ शेयरधनी श्री अमिर दास रन्जितज्यूले बार्षिक प्रतिवेदनको समिक्षा गर्दै संस्थाको अधिकांश सूचक राम्रो रहेको, भाखा नाघेको ऋण शुन्य प्रतिशत रहनु ज्यादै राम्रो रहेको, संस्थाले मुनाफालाई मात्र नहेरी सबै जसो भौगोलिक क्षेत्रमा कार्यक्षेत्र समेटने गरी सेवा विस्तार गर्न सल्लाह दिनु भयो ।

८.६ शेयरधनी श्री उत्तम पाठकले बार्षिक प्रतिवेदनको समीक्षा गर्दै संस्थाको जगेडा कोष राम्रो रहेको, आगामी वर्षहरुमा पनि यस्तै प्रतिफलको अपेक्षा गरेको बताउनु भयो । उहाँले व्याज आम्दानीमा वृद्धि भएपनि स्प्रेड दर घटिरहेकाले यस तर्फ ध्यान दिन र नियमनकारी अनुपालनाले च्यापदै लगिरहेकाले आगामी दिनहरुमा संस्थाको लागि चुनौति थपिन सक्ने बताउनु भयो । संस्थाको मर्जर वा एक्वीजिशन प्रस्ताव राम्रो छ तर मर्जरका लागि संस्थाको संस्कार मिल्नेहरुसँग ठूलो गृहकार्य गरेर मात्र अगाडी बढ्न सल्लाह दिनु भयो । यस वर्षको साधारण सभा पुष मसान्तमा आएर भएपनि आगामी वर्षहरुमा समयमा नै साधारण सभा गर्न समेत उहाँले सुझाव दिनु भयो ।

८.७ शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले संस्थाका शेयरधनीहरुसँग पनि कहिलेकाँही अन्तरक्रिया गर्ने कार्यक्रम राख्न र आगामी दिनमा पनि यस वर्षको जस्तै लाभांश दर कायम राख्न अनुरोध गर्नुभयो । उहाँले प्रतिवेदनमा प्रकाशन गरिने सबै जानकारीहरु नेपाली भाषामा प्रकाशन गर्न सुझाव दिनु भयो ।



First

८.८ शेयरधनी श्री कमलराज खरेलज्यूले सँधै जसो सबै पक्षमा पहिलो हुने फर्स्ट माइक्रोफाइनान्सको साधारण सभा ढिलो भएको विचार राख्नु भयो । उहाँले संस्थाको लाभांश दर राम्रो रहेको तथा अन्य सूचकहरु पनि राम्रो रहेको औंल्याउदै नेपालको राष्ट्रिय गानवाट सभाको शुरुवात गर्नुपर्ने विचार राख्नु भयो ।

## ९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

साधारण सभामा सहभागी शेयरधनीहरुबाट मन्तब्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो । यस वर्षको साधारण सभा सम्पन्न गर्न केही ढिलो भएतापनि आगामी दिनमा नियमनकारी निकायवाट समयमा नै स्वीकृती लिई यथासम्भव चाँडो साधारण सभा गरिने, फर्स्ट माइक्रोफाइनान्स थोक लघुकर्जा प्रदायक संस्था भएको, ऋणी संस्थाहरुको केन्द्रीय कार्यालय भएका ठाउँलाई मात्र देखाईएको कारण भौगोलिक रुपमा सवै ठाउँमा कर्जा विस्तार गर्न नसकेको, चालु आ.व.को नाफामा समेत सुधार गरी आगामी बर्षहरुमा यस समिक्षा आ.व.को जस्तै लाभांश दर कायम गर्न प्रयत्न जारी राख्ने जानकारी गराउनुभयो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई मनन गर्दै आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षज्युले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १०. सभाको निर्णय:

### (क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट तेह्रौं वार्षिक साधारण सभामा प्रस्तुत भएको आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन छलफल पश्चात् पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।**



First Microfinance

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको १ प्रतिशतले हुने ९६,४४,९२४।- (अक्षरेपि छयानब्वे लाख चवालिस हजार नौ सय चौविस मात्र) नगद लाभांश (कर प्रयोजनको लागि) पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस लघुवित्त वित्तिय संस्थाको सञ्चालक समितिको प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ सम्मको वितरणयोग्य नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई यस संस्थाको चुक्ता पूँजीको १ प्रतिशतले हुने रु. ९६,४४,९२४।- (अक्षरेपि छयानब्वे लाख चवालिस हजार नौ सय चौविस मात्र) नगद लाभांश (कर प्रयोजनको लागी) पारित गर्ने भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले ३ वटा लेखापरिक्षण फर्महरु श्री के.ए.एस. एसोसियट्स, श्री पि.एल.आर.जी. एसोसिएट्स, तथा श्री पि.आर.एस.एच एण्ड एसोसिएटेस लाई सिफारिस गरेकोमा आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस्लाई मुल्य अभिवृद्धि कर सहित रु. ३,३९,०००।- (अक्षरेपि तीन लाख उनन्चालीस हजार मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल वित्तीय विबरण प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणीकरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत भयो ।**

५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**प्रस्ताव नं. ५ को संस्थापक शेयरधनी (समूह 'क') का तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन सञ्चालन गर्न "फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. काठमाण्डौको निर्वाचन निर्देशिका, २०६९" बमोजिम मिति २०७९ पौष ४ गते सोमवारका दिन बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त हुनुभएका निर्वाचन अधिकृत बरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदीलाई निर्वाचित सञ्चालकको निर्वाचन तथा घोषणा गर्न अध्यक्षज्यूले समय प्रदान गर्नुभयो । निर्वाचन अधिकृत श्री रामचन्द्र सुवेदीज्यूले निर्वाचन अधिकृतको कार्यालयको कार्यक्रम अनुसार ३ जना सञ्चालकको आवश्यक पदमा ३ (तीन) जना मात्र उम्मेदवारहरुको मनोनयन पत्र दर्ता भएकाले उम्मेदवारहरु श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधी ग्लोबलआइएमई बैंक लि.), श्री गणेश कुमार के.सी. (प्रतिनिधी कुमारी बैंक लि.) र श्री अमित श्रेष्ठ (प्रतिनिधी आईसिएफसी फाईनान्स लि.) संस्थापक शेयरधनी (समूह 'क') का तर्फबाट आगामी एक कार्यकाल अवधिका लागि संचालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।**

**ख) <u>विशेष प्रस्ताव तर्फ</u>**

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको १९ प्रतिशतले हुने रु. १८,३२,५३,५५६।- (अक्षरेपि अठार करोड बत्तिस लाख त्रिपन्न हजार पाँच सय छपन्न मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको १९ प्रतिशतले हुने रु. १८,३२,५३,५५६।- (अक्षरेपि अठार करोड बत्तिस लाख त्रिपन्न हजार पाँच सय छपन्न मात्र) बोनस शेयर वितरण गर्न सर्वसम्मतीले स्वीकृत गरी पारित भयो ।**

७) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी रु. ९६,४४,९२,४०० (अक्षरेपी छयानब्बे करोड चवालीस लाख बयानब्बे हजार चार सय) बाट बृद्धि गरी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) पुऱ्याउने ।

**प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय भयो :**

प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :

(क) लघु वित्त वित्तीय संस्थाको अधिकृत पूँजी **रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न)** हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका **१,१४,७७,४५९।५६ (एक करोड चौध लाख सतहत्तर हजार चार सय उनान्साठी दशमलव छपन्न)** थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी **रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न)** हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका **१,१४,७७,४५९।५६ (एक करोड चौध लाख सतहत्तर हजार चार सय उनान्साठी दशमलव छपन्न)** थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघु वित्त वित्तीय संस्थाको तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी **रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न)** हुनेछ ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा उपरोक्त बमोजिमको यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले निर्णय भयो ।**

९) फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ९ को विशेष प्रस्तावको सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने सम्बन्धी नियमावली, २०७३ बमोजिम फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय भयो ।**



First Microfinance

ग) विविध

१०) सञ्चालक समितिले गरेका काम कारवाही अनुमोदन गर्ने ।

**प्रस्ताव नं. १० को विविध प्रस्तावको सम्वन्धमा समुह 'क' वाट प्रतिनिधीत्व गर्ने सञ्चालकज्यूहरुको ४ बर्षको कार्यकाल मिति २०७९।६।२७ सम्म रहेको र सो मिति प्रश्चात सञ्चालक समितिले साधारण सभा गर्ने प्रयोजन, मासिक प्रगति विवरण लगायत अन्य उपसमितिवाट पेश भई आएका नियमित प्रकृतिका छलफल गर्नुपर्ने बिषयहरुमा बैठक बसि गरिएका निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय भयो ।**

११. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूको आज्ञाले सभामा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरु, शेयरधनीका प्रतिनिधी, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

**बिजय शर्मा**
**कम्पनी सचिव**

First Microfinance

**सुरेन्द्रराज रेग्मी**
**अध्यक्ष**